कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश नेपाल

प.सं. : ०७५/०७६
च.नं. :

फोन नं.:-०८१-५४०००९

# होली पर्वको शुभकामना

शरद ऋतुबाट वसन्त ऋतुको आगमन सँगै आउने आपसी सद्भाव र भाइचारा सम्बन्धलाई अभिवृद्धि गराउने पवित्र पर्ष होलीले सप्तरङ्गी जस्तै रङ्गीन नेपाली समाजलाई एकताको सुत्रमा जोडेर आपसी सद्भाव,सहिष्णुता,प्रेम र भाइचाराको सम्बन्ध अभिवृद्धि गर्दै हामी सबैलाई नेपाल राष्ट्रको विकास र समृद्धिका लागि वर्तमान सरकारले अगाडि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय अभियानलाई सार्थक बनाउन हामी सबैलाई प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्रका हामी नागरिक भाषा, कला, संस्कृतिले अत्यन्तै धनी रहेका छौं । त्यसैले यस पर्वलाई मनाउने पनि आ-आफ्नै तरिकाहरु छन् । काठमाण्डौं उपत्यकासहित पहाडी तथा हिमाली भेगमा फागु पूर्णिमाको दिन र तराई-मधेशमा भोलिपल्ट भव्यरुपमा मनाइने यस पर्वले सम्पूर्ण नेपालीमा सुख, शान्ति, सद्भाव, समृद्धि र निरन्तर प्रगतिको पथमा अगाडि बढ्न सहयोग गरोस् ।

सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो मुलुकमा खुशी र हर्षोल्लासपूर्वक रङ्गमा रमाएर होली पर्व मनाउने प्रचलन रहेको र सोही अनुसार मनाउँदै आएको भएपनि यतिखेर विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण र सो संक्रमणबाट नेपाल समेत उच्च जोखिममा रहेकाले विशेष सतर्कता अपनाउन यसै सन्देश मार्फत कोहलपुर नगरपालिकाका सबै नगरवासीहरुमा हार्दिक अपिल समेत गर्न चाहन्छु ।

साथै बढी भिडभाड हुने प्रकृतिका कुनै पनि सभा, सम्मेलन, भेला, कार्यक्रमहरु कोरोना भाइरसको संभावित जोखिमका कारण हाल स्थगित गर्न र पवित्र पर्व होलीको अवसरमा विगतमा जस्तो भिडभाड हुने, लोलापानी हान्ने, फ्याक्ने,शरिरमा रंग,अबिर दल्ने कार्य समेत जोखिमपूर्ण हुने हुँदा त्यस्तो कार्य नगर्न र घरपरिवारमा मात्र अबिर टिका लगाई यस पटकको होली पर्व मनाउन नगरवासी आम दाजुभाई दिदीबहिनीहरुमा हार्दिक अनुरोध सहित शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०७६।११।२९

लुट बहादुर रावत
नगर प्रमुख